**नेपाल सरकार**
**राष्ट्रिय योजना आयोग**
**केन्द्रीय तथ्याङ्क विभाग**

# आर्थिक वर्ष २०७६/७७ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादन

## १ परिचय (Introduction)

अर्थतन्त्रका विविध पक्षहरूलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरूको अनुगमन तथा मूल्यांकन गर्नका लागि केन्द्रीय तथ्याङ्क विभागबाट नियमित रुपमा राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादन लगायत समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धित तथ्याङ्कहरू तयार गरी सार्वजनिक गरिंदै आइएको छ।

देशको शासन प्रणालीको संरचनामा भएको परिवर्तन पश्चात् प्रादेशिक तहमा भएको आर्थिक गतिविधिको मापन गर्न र प्रदेशहरूमा देखिएका सामाजिक तथा आर्थिक विभेदहरूलाई न्यून गर्न आवश्यक नीति निर्माण गर्नका साथसाथै विकासका गतिविधिलाई प्रभावकारी बनाउन अत्यावश्यक पर्ने समष्टिगत आर्थिक सूचकहरूमध्येको महत्वपूर्ण सूचक प्रदेशस्तरको कुल गार्हस्थ्य उत्पादनको अनुमान गर्ने कार्य गत आर्थिक वर्ष देखि यस विभागबाट शुरु गरिएको थियो। यसरी अनुमान गर्ने सिलशिलामा विभागले विद्यमान प्रणालीमा उपलब्ध तथ्यांकको उपयोग र विश्वमा प्रचलित विधि (Top-down approach) अपनाएको छ। यस विधि अनुसार राष्ट्रिय तहमा अनुमान गरिएको आर्थिक क्रियाकलापहरूका वर्गीकरण अनुसारका कुल मूल्य अभिवृद्धिका अनुमानहरूलाई विभिन्न सूचकहरूको आधारमा प्रदेश तहमा विभाजन गरिन्छ । यसरी गरिएको बाडफाँडको विश्वसनीयता प्रदेश तहका उपलब्ध सूचकहरूमा भर पर्दछ। चालु आर्थिक बर्ष २०७६/७७ को ६ देखि ८ महिनासम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित आँकडा तथा सूचनाहरू एवम् बाँकी अवधिको विश्वव्यापी महामारी कोभिड–१९ को संक्रमणबाट जोगाउनगरिएको प्रयासबाट आर्थिक क्रियाकलापमा पर्न गएको नकरात्मक असरलाई समेत मध्यनजर गर्दै आर्थिक वर्ष २०७६/७७ को वस्तु तथा सेवाको उत्पादनको प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा विगत आर्थिक बर्ष २०७५/७६ को शंशोधित अनुमान समेत तयार गरी प्रकाशित गरिएको छ। चालु आ.व.का बस्तु तथा सेवाको उत्पादनको अनुमान तथा सूचकहरू तयारगर्दा होटल तथा रेष्टुरेण्ट र अन्तर्राष्ट्रिय यातायात क्षेत्र यस आर्थिक वर्षको अन्त्यसम्ममा अत्यधिक प्रभावित हुने तथा अन्य क्षेत्रका आर्थिक गतिविधि जेठबाट क्रमशः नियमित हुने विश्वास गरिएको छ। केन्द्रीय तथ्यांक विभागको राष्ट्रिय लेखा तथ्यांक परिमार्जन नीति बमोजिम आर्थिक बर्ष २०७६/७७ र आर्थिक बर्ष २०७५/७६ का अनुमानहरूलाई क्रमशः परिमार्जन सहित प्रकाशन गरिदै लगिने छ।


चालु आर्थिक बर्ष २०७६/७७ आर्थिक विकासका दृष्टिकोणले अपेक्षितरुपमा उत्साहजनक देखिएन। तथापि, कोभिड–१९ ले विश्वव्यापी आर्थिक र सामाजिक क्रियाकलापमा पारेको नकरात्मक प्रभावलाई हेर्ने

हो भने यस वर्षको राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादनको आर्थिक बृद्धि दरको अनुमान उपभोक्ताको मूल्यमा २.२८ प्रतिशत हुनु सन्तोषजनक नै मान्नु पर्ने हुन्छ तर अघिल्लो आ.व.आर्थिक बृद्धि दर ६.९९ प्रतिशत थियो ।

## २. प्रदेश तहको वार्षिक कुल गार्हस्थ्य उत्पादन (Annual Gross Domestic Product at Province Level)

चालु आर्थिक वर्ष २०७६/७७ को ६ देखि ८ महिनासम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित आँकडा तथा सूचनाहरूका आधारमा तयार गरिएको अनुमानित तथ्याङ्क अनुसार सबै प्रदेशको आर्थिक क्रियाकलापहरूमा कोभिड–१९ को महामारीको संक्रमणबाट जोगाउन गरिएको प्रयासको असर स्पष्टरुपमा देखिएको छ। फलस्वरुप, चालु आ.व.मा सबै प्रदेशकागार्हस्थ्य उत्पादनको बृद्धि दर गत आ.व.को आर्थिक बृद्धि दर भन्दा घट्ने अनुमान गरिएको छ। यस आ.व.मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु. ३७ खर्व ६७ अर्व हुने अनुमान गरिएकोमा सबैभन्दा बढि हिस्सा ३५.८४ प्रतिशत योगदान सहित बागमती प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु. १३ खर्व ५० अर्व हुने अनुमान गरिएको छ भने सबैभन्दा कम हिस्सा ४.२७ प्रतिशतको योगदान कायम गरी कर्णली प्रदेशको उपभोक्ताको मूल्यमा करिव रु. १ खर्व ६१ अर्व हुने अनुमान गरिएको छ। अघिल्लो आ.व. जस्तै चालु आ.व.मा पनि वागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढि योगदान पुर्याउने प्रदेशहरूमा क्रमशः प्रदेश १, प्रदेश ५, प्रदेश २, गण्डकी र सुदुरपश्चिम पर्दछन् ।


चित्रः राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान, २०७६।७७ (प्रतिशतमा)




कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर यस आर्थिक वर्षमा राष्ट्रिय तहमा उपभोक्ता मूल्यमा २.२८ प्रतिशत अनुमान गरिएकोमा सुदुरपश्चिम प्रदेशको बृद्धि दर सबै भन्दा बढि ४.०८ प्रतिशत र वागमती प्रदेशको बृद्धि दर सबैभन्दा कम १.२३ प्रतिशत रहने अनुमान गरिएको छ। गत आ.व.मा प्रदेश २ को बृद्धि

दर सबै भन्दा बढि ८.१२ प्रतिशत र सबैभन्दा कम दर वागमती प्रदेशको ६.४० प्रतिशत रहने संशोधित अनुमान छ।

चित्रः कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर




औद्योगिक वर्गीकरण अनुसारको आर्थिक क्रियाकलापहरूलाई हेर्दा गत आ.व.र यस आ.व.मा बागमती प्रदेश बाहेक सबै प्रदेशहरूमा कृषि क्षेत्रको योगदान हिस्सा सबैभन्दा बढी छ भने बागमती प्रदेशमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान सबैभन्दा बढि देखिन्छ। यसो हुनुमा यस प्रदेशमा शहरीकरण, बढि जनसंख्या, राष्ट्रिय तहका ठुला व्यापारिक कारोवार आदि हुन्। त्यसैगरी राष्ट्रिय तहमा दोस्रो हिस्सा ओगटेको व्यापार क्षेत्र प्रदेश १, प्रदेश २ र प्रदेश ५ मा दोस्रो हिस्सा मै कायम रहेको छ भने बागमती प्रदेशमा घरजग्गा, भाडा तथा व्यवसायिक कारोवारको क्षेत्रको दोस्रो हिस्सा छ। यसैगरी गण्डकी प्रदेशमा निर्माण क्षेत्रको योगदान दोस्रो स्थानमा छ भने शिक्षा क्षेत्रको योगदान कर्णाली र सुदुरपश्चिम प्रदेशमा दोस्रो छ। सबै प्रदेशहरूको कुल गार्हस्थ्य उत्पादनमा खानी तथा उत्खनन् क्रियाकलापको योगदान सबै भन्दा न्यून देखिन्छ।

**प्रदेश १**: यस आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ५ खर्व ९६ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षको संशोधित अनुमान रु. ५ खर्व ४४ अर्ब रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा १५.७३ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा १५.८२ प्रतिशत योगदान पुर्याउने अनुमान गरिएको छ। यसैगरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको बृद्धि दर ७.४० प्रतिशत थियो भने यस आ.व.मा गिरावट आई ३.४१ प्रतिशत कायम रहने अनुमान गरिएको छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान ३७.१४ प्रतिशतले कृषि क्षेत्रको (यहाँ कृषि क्षेत्र भन्नाले कृषि, वन तथा मत्स्यपालन समेतलाई जनाउँछ) रहनेछ भने सबैभन्दा कम योगदान ०.४७ प्रतिशत खानी तथा उत्खनन् क्षेत्रको रहने अनुमान छ।

**प्रदेश २:** यस आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु. ५ खर्व १९ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षको संशोधित अनुमान रु. ४ खर्व ७१ अर्ब रहेको छ। गतआ.व.मा राष्ट्रिय तहमा १३.६२ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा १३.७८ प्रतिशत योगदान पुर्याउने अनुमान गरिएको छ। यसै गरी गतआ.व. मा कुल गार्हस्थ उत्पादनको बृद्धि दर ८.१२ प्रतिशत थियो भने यस आ.व.मा गिरावट आई २.२८ प्रतिशत कायम रहने अनुमान गरिएको छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान ४० प्रतिशतले कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.५७ प्रतिशते खानी तथा उत्खनन् क्षेत्रको रहेको छ।

**बागमती प्रदेश:** यस आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु. १३ खर्व ५० अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षका संशोधित अनुमान रु. १२ खर्व ५७ अर्ब रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा ३६.३५ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा ३५.८४ प्रतिशत योगदान पुर्याउने अनुमान गरिएको छ। यसै गरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको बृद्धि दर ६.४० प्रतिशत थियो भने यस आ.व.मा गिरावट आई १.२३ प्रतिशत पुग्ने अनुमान गरिएको छ। कुलगार्हस्थ्य उत्पादनमा सबैभन्दा बढि योगदान २१.९३ प्रतिशतले थोक तथा खुद्रा व्यापार क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.५१ प्रतिशतले खानी तथा उत्खनन् क्षेत्रको रहेको छ।

**गण्डकी प्रदेश**ः यस आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु. ३ खर्व ३५ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षका संशोधित अनुमान करिव रु. ३ खर्व ८ अर्ब रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा ८.९३ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा ८.९० प्रतिशत योगदान पुर्याउने अनुमान गरिएको छ। यसै गरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको बृद्धि दर ६.६५ प्रतिशत थियो भने यस आ.व.मा गिरावट आई २.६८ प्रतिशत हुने अनुमान गरिएको छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान २९.९ प्रतिशत कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.७५ प्रतिशत खानी तथा उत्खनन् क्षेत्रको रहेको छ।

**प्रदेश ५:** यस आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु. ५ खर्व ३४ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षका संशोधित अनुमान रु. ४ खर्व ९१ अर्ब  रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा १४.१८ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा पनि १४.१८ प्रतिशत नै योगदान पुर्याउने अनुमान गरिएको छ। यसै गरी गत आ.व. मा कुल गार्हस्थ उत्पादनको बृद्धि दर ६.७८ प्रतिशत थियो भने यस आ.व.मा गिरावट आई २.० प्रतिशतमा संकुचन हुने अनुमान गरिएको छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान ३३.८६ प्रतिशतले कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.६२ प्रतिशतले खानी तथा उत्खनन् क्षेत्रको रहेको छ।

**कर्णाली प्रदेश**ः यस आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु. १ खर्व ६१ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षको संशोधित अनुमान करिव रु. १ खर्व ४४ अर्ब  रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा ४.१६ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा ४.२७ प्रतिशत

योगदान पुर्याउने अनुमान गरिएको छ। यसै गरी गत आ.व. मा कुलगार्हस्थ उत्पादनको बृद्धि दर ८.१० प्रतिशत थियो भने यस आ.व.मा गिरावट आई ३.५८ प्रतिशतमा संकुचन हुने अनुमान गरिएको छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान ३४.१९ प्रतिशतले कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.५० प्रतिशतले खानी तथा उत्खनन् क्षेत्रको रहेको छ।

**सुदुरपश्चिम प्रदेशः** यस आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ताको मूल्यमा रु. २ खर्व ७२ अर्ब हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षका संशोधित अनुमान करिव रु. २ खर्व ४३ अर्ब रहेको छ। गत आ.व.मा राष्ट्रिय तहमा ७.०२ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशले यस आ.व.मा ७.२१ प्रतिशत योगदान पुर्याउने अनुमान गरिएको छ । यसै गरी गत आ.व. मा कुलगार्हस्थ उत्पादनको बृद्धि दर ६.९० प्रतिशत थियो भने यस आ.व.मा गिरावट आई ४.०८ प्रतिशत हुने अनुमान गरिएको छ। कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढि योगदान ३६.८२ प्रतिशतले कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.५१ प्रतिशतले खानी तथा उत्खनन् क्षेत्रको रहेको छ।

!!!धन्यवाद!!!

**प्राविधिक नोट *(Technical Notes)***

*केन्द्रीय तथ्यांक विभागले तयार गर्ने राष्ट्रिय लेखा सम्बन्धी अनुमानहरू संयुक्त राष्ट्रसंघ, तथ्यांक आयोगले (United Nations, Statistics Commission) सिफारिस गरेको System of National Accounts, 1993मा उल्लेखित विधि र वर्गीकरणहरूमा आधारित छन्।*

***केहि शब्दावलीहरू (Glossary)***

*१. उत्पादन (Output):उत्पादकहरूबाट उत्पादन गरिएका वस्तु तथा सेवाहरूलाई उत्पादन (Output) भनिन्छ ।*

*२. मध्यवर्ति उपभोग (Intermediate Consumption):उत्पादकहरूबाट नयाँ वस्तु तथा सेवाको उत्पादन गर्नका लागि उपभोग गरिएका वस्तु तथा सेवाहरूको कूल मूल्यलाई मध्यवर्ति उपभोग (Intermediate Consumption) भनिन्छ ।*

*३. कुल मूल्य अभिबृद्धि (Gross Value Added, GVA): उत्पादकहरूको कुल उत्पादनबाट (Gross Output) मध्यवर्ति उपभोग (Intermediate Consumption) घटाए पछि बाँकी रहेको वस्तु तथा सेवालाई कुल मूल्य अभिबृद्धि (Gross Value Added, GVA) भनिन्छ ।*

*४. कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product, GDP): कुनै आर्थिक क्षेत्रभित्र निश्चित गणना अवधिमा भएको कुल मूल्य अभिबृद्धिको योगलाई नै कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product, GDP)भनिन्छ ।*

२०७७ साल वैशाख २९ गते सोमवार
केन्द्रीय तथ्याङ्क विभाग, थापाथली ।